आज मिति २०७४ साल जेठ महिनाको १८ गते बुधवारका दिन स्थानिय तह सदस्य निर्वाचन २०७४ बाट यस बेसिशहर नगरपालिकामा नव निर्वाचित नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयहरूमा छलफलका लागी पहिलो बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थितिहरू :-

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप- प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र. प्र. अधिकृत | | श्री इमनाथ कडेल |
| ४, | वडा अध्यक्ष | वडा नं (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | —,,— | (२) | श्री मदन बहादुर राना |
| ६, | —,,— | (३) | श्री चित्र बहादुर दनाई |
| ७, | —,,— | (४) | श्री राम बहादुर गुरुङ |
| ८, | —,,— | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | —,,— | (६) | श्री प्रकाश थापा |
| १०, | —,,— | (७) | श्री ऋषिराम बस्नेत |
| ११, | —,,— | (८) | श्री पवित्रा थापा राना |
| १२, | —,,— | (९) | श्री खुबिजंङ गुरुङ |
| १३, | —,,— | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | —,,— | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरा लाल वि.क. |
| १६, | —,,— | | श्री श्रीनाथ दुलाल |
| १७, | —,,— | | श्री कल्पना थापा बोहरा |
| १८, | —,,— | | श्री बुना कुमारी रिमाल |
| १९, | —,,— | | श्री विमला न्यौपाने अधिकारी |
| २०, | —,,— | | श्री सुक माया गुरुङ |
| २१, | —,,— | | श्री सुक माया घर्ती |
| २२, | —,,— | | श्री मनिता परियार |

### सहजकर्ता कर्मचारीहरू :-

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री महेन्द्र पोखरेल |
| २४, | ना. सु. (सहायक लेखापाल) | श्री गोविन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/१८ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ जेष्ठ १८ गतेको बैठकका प्रस्तावहरु***

१. परिचय कार्यक्रम
२. आभार प्रकट/धन्यवाद ज्ञापन सम्बन्धमा।
३. प्रतिवद्धता सम्बन्धमा।
४. समितिहरुलाई पूर्णता दिने सम्बन्धमा
   - न्यायिक समिति, लेखा समिति, विधायन समिति, अनुगमन सुपरिवेक्षण समिति
   - स्थानीय राजश्व परामर्श समिति ((स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ वमोजिम) २ जना)
   - श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति (सोही ऐनको दफा ६६ वमोजिम ४ जना)
   - विषयगत समितिहरु संयोजक १, सदस्यहरु २
     - आर्थिक विकास
     - सामाजिक विकास
     - पूर्वाधार विकास
     - वातावरण तथा विपद् व्यवस्थापन
     - संस्थागत विकास र सुशासन
   - बजेट तथा कार्यक्रम तर्जुमा समिति

५. आगामी आर्थिक बर्ष २०७९।०८० को बार्षिक योजना तर्जुमा सम्बन्धमा
   - राजश्व परामर्श समितिको बैठक
   - श्रोत अनुमान तथा कुल बजेट सीमा निर्धारण समितिको बैठक
   - कार्यपालिका बैठक
   - बजेट प्राथमिकताका आधार,बजेट सीमा तथा मार्गदर्शन वडाहरुमा पठाउने
   - बस्ती/टोलस्तबाट योजना छनौट
   - वडास्तरीय योजना प्राथमिकता निर्धारण
   - विषयगत समितिहरुको बैठक :
   - एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक
   - कार्यपालिका बैठक (नगरसभा तयारी बैठक )
   - नगरसभा बैठक
   - कार्यपालिका बैठक (योजना तथा कार्यक्रमलाई अन्तिम रुप दिने)
   - नगरसभाको बैठक

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/१८ गतेको बैठक

गुमान सिंह अर्याल
नगर प्रमुख

६. निर्माण कार्यमा ढिलासुस्ती गर्ने निर्माण व्यवसायीको सम्बन्धमा ।

७. विविध

- स्वकीय सचिव र प्रेस सल्लाहकारको सम्बन्धमा ।
- निर्वाचित जनप्रतिनिधिहरुले विवरण उपलब्ध गराउने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १: आभार प्रकट/धन्यवाद ज्ञापन सम्बन्धमा ।**

स्थानीय तह सदस्य निर्वाचन २०७९ अन्तर्गत यही बैशाख ३० गते सम्पन्न निर्वाचनको मतदान कार्यमा सहभागी भई आफ्नो अमूल्य मत प्रकट गर्नुहुने तथा हामीलाई विजय गराउनुहुने सम्पूर्ण नगरबासी आमाबुबा, दिदीबहिनी, दाजुभाइहरुलाई धन्यवाद ज्ञापन गर्ने साथै निर्वाचनलाई स्वच्छ,, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नको लागि भूमिका निभाउने सुरक्षाकर्मी, कर्मचारी, राजनीति दल, पर्यवेक्षक तथा स्वयंसेवकहरु प्रति हार्दिक आभार प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २: प्रतिवद्धता सम्बन्धमा ।**

स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट गठित बेसीशहर नगर कार्यपालिकाको यस प्रथम बैठकबाट देहायका बुँदाहरुमा प्रतिबद्धताहरु व्यक्त गर्ने निर्णय गरियो ।

१. सवै समुदायका अति विपन्न र दलित समुदायका विपन्न घरपरिवारहरुको निशुल्क स्वास्थ्य विमा गराउने ।

२. भौगोलिक विकटताको कारण आधारभूत र माध्यमिक शिक्षाको पहुँच पुग्न नसक्ने बालबालिकाहरुलाई लक्षित गरी बेनपा १० खासुरबेसी स्थित जनजागृति माविमा आवसीय विद्यालय स्थापनाको लागि छलफल अघि बढाउने ।

३. बेसीशहर नगरपालिकाको बृहत्तर विकासको लागि विशेषज्ञ समुह (Expert Team) गठन गर्ने । आगामी बैठकमा विज्ञ समुहका सदस्यहरुको नामावली पेश गर्ने ।

४. जिल्ला अस्पतालबाट विभिन्न वडाहरुमा गई स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउने साथै काठमाण्डौ, भरतपुर तथा पोखरामा रहेका विज्ञ चिकित्सकहरुबाट नगरबासीहरुलाई टेलिमेडिसिन सेवा उपलब्ध गराउन पहल गर्ने ।

५. एक घर एक धारा वडा घोषणा गर्दै नगरपालिकाका शत प्रतिशत घरधुरीहरुमा एक घर एक धारा पुऱ्याउने ।

६. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसमेतसंग समन्वय र सहकार्य गरी फोहरमैला व्यवस्थापन कार्य अघि बढाउने ।

७. नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणको लागि बेनपा ८ स्थित जिल्ला समन्वय समितिको नाममा रहेको जग्गा प्राप्तिको प्रक्रिया अघि बढाउने ।

८. संघीय सरकारले ल्याएको कार्यक्रमसंग एकरुपता हुने गरी ५०% अनुदानमा विद्युतीय चुलो उपलब्ध गराउने ।



गुमान सिंह अर्याल
नगर प्रमुख

९. एउटा परिवारमा ५ एम्पियरको एउटा मात्र मिटर बक्स जडान गरी मासीक २० युनिट भन्दा कम विद्युत खपत गर्ने विपन्न घरपरिवारहरुलाई निशुल्क विद्युत उपलब्ध गराउने ।
१०. नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी आवास क्षेत्रका नांगो विद्युत तारलाई प्लाष्टिक कोटेड गराउने ।
११. बेसीशहर बजार क्षेत्रका कालोपत्रे सडकहरुको तत्काल मर्मत सम्भार गर्ने ।
१२. नगरपालिका केन्द्रबाट वडा कार्यालयहरुसम्मको सडक बाह्रै महिना चौविसै घण्टा सुचारु गराउने ।
१३. बेसीशहर बजारक्षेत्रमा बसपार्क व्यवस्थापन, पार्किङ क्षेत्र निर्धारण तथा सवारी जामलाई व्यवस्थित बनाउने ।
१४. ३ नं र ७ नं वडा कार्यालयको भवन निर्माण गर्ने । १, ४, ६, ८, १० र ११ नं वडा कार्यालय भवनहरुको क्रमशः स्तरोन्नति तथा मर्मत सुधार गर्ने ।
१५. नगरपालिकाको आर्थिक कारोबार इ पेमेन्ट सिस्टमबाट गर्ने । सवै वडाहरुले राजश्व अनिवार्यरुपमा विद्युतीय विलिङ प्रणालीबाट संकलन गर्ने ।
१६. टोलहरुको नक्शांकन, नामाकरण तथा घर नं टाँस गर्ने । बजार क्षेत्रमा सडक नं राख्ने
१७. ९ वटा वडाहरुलाई बालमैत्री वडा घोषणा हुने गरी बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यहरु अघि बढाउने र बालमैत्री नगरपालिका घोषणा गर्ने ।
१८. ६० वर्षमाथिका एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने ।
१९. ग वर्गको अपांगता परिचय पत्र लिएकाहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने ।
२०. निरपेक्ष गरिबीको रेखामुनि रहेका घर परिवारको विवरण तयार गर्ने
२१. कार्यालयको सेवा प्रवाहलाई पारदर्शी र प्रविधिमैत्री बनाउने । कार्यपालिका बैठकको निर्णय तत्कालै वडा कार्यालयमा पठाउने र वेभ साइटमा राख्ने ।
२२. आचार संहिताको पालना गर्दै बैठकलाई सिर्जनात्मक, मर्यादित, सहभागितामूलक र जीवन्त बनाउने कार्यमा सवैले आ आफ्नो स्थानबाट योगदान गर्ने । साथै बैठकको निर्णय पश्चात प्र.प्र. अ.ले कार्यान्वयनको जिम्मेवारी तोक्ने ।
२३. हरेक कार्यपालिका बैठकमा अघिल्लो बैठकको निर्णय कार्यान्वयनको अवस्था समीक्षा गर्ने ।
२४. सवै जनप्रतिनिधिहरु इमान्दार रुपमा निरन्तर क्रियाशिल भई नगरको विकास र नगरबासीको हीतमा कार्य गर्ने । साथै कर्मचारीहरुले पूर्ण सेवाभावका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने ।
२५. "हामी सवैको रहर-सभ्य र समृद्ध बेसीशहर" भन्ने दीर्घकालीन दृष्टिकोणलाई साकार पार्न आ आफ्नो स्थानबाट सक्दो सहयोग पुऱ्याउन नगरबासीहरु समक्ष अपील गर्ने ।

**निर्णय नं. ३ : समिति गठन सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ वमोजिम नगरपालिकाको कार्यप्रणालीलाई तत्काल व्यवस्थित गर्न वाञ्छनीय भएकोले आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी देहाय वमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल

देहाय

**१.न्यायिक समिति**

संयोजक श्री पद्मा गुरुङ, नगर उपप्रमुख
सदस्य श्री हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य
सदस्य श्री चित्र बहादुर दनाई, वडाध्यक्ष

**२.लेखा समिति**

संयोजक श्री पद्मा गुरुङ नगर उपप्रमुख
सदस्य श्री गम बहादुर गुरुङ, वडाध्यक्ष
सदस्य श्री विमला न्यौपाने अधिकारी कार्यपालिका सदस्य

**३. विधायन समिति**

संयोजक श्री दुर्गा बहादुर बुढाथोकी वडाध्यक्ष
सदस्य श्री श्रीनाथ दुलाल, कार्यपालिका सदस्य
सदस्य श्री सुकमाया गुरुङ, कार्यपालिका सदस्य

**४. सुशासन समिति**

संयोजक श्री शिव प्रसाद जोशी वडाध्यक्ष
सदस्य श्री गंगा बहादुर थापा वडाध्यक्ष
सदस्य श्री मनिता परियार, कार्यपालिका सदस्य

**५. अनुगमन तथा सुपरिवेक्षण समिति**

संयोजक श्री पद्मा गुरुङ, नगर उपप्रमुख
सदस्य श्री दुर्गा बहादुर बुढाथोकी, वडाध्यक्ष
सदस्य श्री बुना रिमाल, कार्यपालिका सदस्य
सदस्य श्री प्रमुख प्रशासकीय अधिकृत
सदस्य सचिव श्री योजना शाखा प्रमुख

**निर्णय नं. ४ : समितिलाई पुर्णता दिने सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम गठित देहायका समितिहरुमा कार्यपालिकाको तर्फबाट देहाय अनुसार जिम्मेवारी तोक्ने निर्णय गरियो ।

देहाय

**(क)राजश्व परामर्श समिति ( दफा ६५ (१) ग वमोजिम)**

१.सदस्य श्री मदन बहादुर राना वडाध्यक्ष
२.सदस्य श्री बुनाकुमारी रिमाल कार्यपालिका सदस्य

**(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ( दफा ६६ (१) ग वमोजिम)**

१.सदस्य श्री इन्द्रबहादुर गुरुङ, वडाध्यक्ष
२ सदस्य श्री खुशीजङ गुरुङ, वडाध्यक्ष
३. सदस्य श्री गंगा बहादुर थापा वडाध्यक्ष
४.सदस्य श्री कल्पना बोहरा, कार्यपालिका सदस्य

**(ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति ( दफा ६७ (१) ख वमोजिम)**

१. सदस्य श्री प्रकाश थापा, संयोजक- आर्थिक विकास समिति
२. सदस्य श्री मदन बहादुर राना, संयोजक-सामाजिक विकास समिति
३. सदस्य श्री हिरालाल विश्वकर्मा, संयोजक- पूर्वाधार विकास समिति



**गुमान सिंह अर्याल**
**नगर प्रमुख**

४ सदस्य श्री ऋषिराम बस्नेत, संयोजक- वातावरण तथा विपद् व्यवस्थापन समिति
५.सदस्य श्री पवित्रा थापा राना, संयोजक- संस्थागत विकास र सुशासन समिति

**घ.विषयगत समितिहरु ( रा.यो.आ. ले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को दफा ४.६.४ वमोजिम)**

**१.आर्थिक विकास समिति**

(अ) संयोजक श्री प्रकाश थापा, वडाध्यक्ष
(आ) सदस्य श्री गम बहादुर गुरुङ, वडाध्यक्ष
(इ) सदस्य श्री विमला न्यौपाने अधिकारी, कार्यपालिका सदस्य

**२. सामाजिक विकास समिति**

(अ) संयोजक श्री मदन बहादुर राना, वडाध्यक्ष
(आ) सदस्य श्री शिव प्रसाद जोशी, वडाध्यक्ष
(इ) सदस्य श्री कल्पना बोहरा, कार्यपालिका सदस्य

**३.पूर्वाधार विकास समिति**

(अ) संयोजक श्री हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य
(आ) सदस्य श्री ऋषिराम बस्नेत, वडाध्यक्ष
(इ) सदस्य श्री इन्द्र बहादुर गुरुङ, वडाध्यक्ष

**४.वातावरण तथा विपद व्यवस्थापन समिति**

(अ) संयोजक श्री ऋषिराम बस्नेत वडाध्यक्ष
(आ) सदस्य श्री चित्र बहादुर दनाई, वडाध्यक्ष
(इ) सदस्य श्री मनिता परियार, कार्यपालिका सदस्य

**५. संस्थागत विकास र सुशासन समिति**

(अ) संयोजक श्री पवित्रा थापा राना, वडाध्यक्ष
(आ) सदस्य श्री गंगा थापा, वडाध्यक्ष
(इ) सदस्य श्री सुकमाया भुजेल, कार्यपालिका सदस्य

**निर्णय नं. ५ : आगामी आर्थिक बर्ष २०७९।०८० को बार्षिक योजना तर्जुमा सम्बन्धमा**

बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७९।८० को बार्षिक योजना तर्जुमा देहाय वमोजिमको तालिका अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

१. राजश्व परामर्श समितिको बैठक २०७९ जेठ २० गते ।
२. श्रोत अनुमान तथा कुल बजेट सीमा निर्धारण समितिको बैठक २०७९ जेठ २३ गते ।
३. कार्यपालिका बैठक २०७९ जेठ २५ गते
४. बजेट प्राथमिकताका आधार,बजेट सीमा तथा मार्गदर्शन वडाहरुमा पठाउने जेठ २६ गते
५. बस्ती/टोलस्तबाट योजना छनौट २०७९ जेठ ३१ गतेसम्म
६. वडास्तरीय योजना प्राथमिकता निर्धारण २०७९ असार ३ गतेसम्म
७. विषयगत समितिहरुको बैठक : २०७९ असार ५ गते सम्म
८. एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक २०७९ असार ७
९. कार्यपालिका बैठक २०७९ असार ८
**१०. नगरसभा बैठक २०७९ असार १०**
११. कार्यपालिका बैठक २०७९ असार १७



गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०२/१८ गतेको बैठक

१२. नगरसभाबाट नीति, योजना तथा कार्यक्रम स्वीकृत २०७९ असार मसान्तभित्र असार २१

**निर्णय नं. ६ : निर्माण कार्यमा लापरबाही गर्ने निर्माण व्यवसायीको सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले चालु आ.व.मा ठेक्का बन्दोबस्तीबाट कार्यान्वयन गरेका योजनाहरुको सम्बन्धमा छलफल हुँदा प्रक्रिया वमोजिम ठेक्का सकार/संझौता गरी मोविलाइजेसन समेत लिने तर सम्झौता वमोजिमको काम शुरुवात नै नगर्ने, शुरुवात गरेपनि शुरुवात गरेको कामलाई अलपत्र पारेर फरार हुने, काममा ढिलासुस्ती एवम् आलटाल गर्ने,सजिलो सजिलो काम मात्र गरेर कठिन काम छाडिदिने जस्ता प्रवृत्ति देखिएको हुँदा त्यस्तो लापर्वाही गर्ने निर्माण व्यावसायीलाई कालो सूचीमा राखी ७७ वटै जिल्लाहरुमा जानकारी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७ : स्वकीय सचिवको नियुक्ति सम्बन्धमा ।**

गण्डकी प्रदेश सभाबाट पारित गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ११ वमोजिम नगर प्रमुखको सचिवालयमा काम गर्ने गरी बेसीशहर नगरपालिका वडा नं ९ निवासी श्री कुमार अर्याललाई स्वकीय सचिवमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका प्रेस सल्लाहकार श्री कृष्ण केसीको करार सम्झौताको म्याद २०७९ बैशाख मसान्तमा समाप्त भएको हुँदा म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी उक्त करार सम्झौताको म्याद २०७९ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : निर्वाचित जनप्रतिनिधिहरुले विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरुले आफ्नो नागरिकता र शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपी तथा बायोडाटा नगरपालिकालाई उपलब्ध गराउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख